# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौं माघ १८ गते २०५३ साल (अतिरिक्ताङ्क ५५

## भाग ३

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

### विभूषण (दोस्रो संशोधन) नियमावली, २०५३

विभूषण नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "विभूषण (दोस्रो संशोधन) नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०४८ को नियम २४ मा संशोधन : विभूषण नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २४ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (४) को सट्टा देहायको खण्ड (४) राखिएको छ :-

"(४) राजप्रासाद सेवा वा श्री ५ को सरकारको सेवाबाट निवृत्त भई कुनै संवैधानिक पद वा सरकारी सेवाको पदमा पुनः नियुक्ति पाउने वा आजीवन सेवा पाउने व्यक्तिले पहिले पाएको मानपदवी भन्दा माथिल्लो श्रेणीको मानपदवी प्राप्त गरेमा निजले प्रत्येक पटक अघिल्लो मानपदवी बापत पाईसकेको उपदान कट्टा गरी बाँकी रहन आउने उपदान थप पाउनेछ ।"

९१६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम २७ मा संशोधन : मूल नियमावलीको नियम २७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) अलङ्कारहरुको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :-

(क) सेना सौभाग्यभास्कर ।

(ख) नेपाल महाप्रतापवर्द्धक ।

(ग) नेपाल प्रतापवर्द्धक ।

(घ) सुवीर पट्ट ।

(ङ) नेपाल यशोवर्द्धक ।

(च) अतिसुविख्यात सेवालङ्कार ।

(छ) सुविख्यात सेवालङ्कार ।

(ज) विख्यात सेवालङ्कार

(झ) वीर पट्ट ।

(ञ) महेन्द्र प्रहरी ।

(ट) महेन्द्ररत्न सुभूषण ।

(ठ) महेन्द्ररत्न आभूषण ।

(ड) महेन्द्ररत्न भूषण ।"

४ **मूल नियमावलीको नियम ४३ मा संशोधन** : मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ :-

"४३ पदकहरुको प्रकार : पदकहरुको प्रकार देहाय बमोजिम हुनेछन् :-

(क) शुभ राज्याभिषेक पदक २०३१ ।

(ख) शुभ राज्याभिषेक पदक २०१३ ।

(ग) गद्दी आरोहणको रजत महोत्सव पदक (२०२८ – २०५३) ।

(घ) सुप्रशंसनीय पट्ट ।

(ङ) प्रशंसनीय पट्ट ।

(च) प्रहरी रत्न ।

(छ) गजेन्द्र मोक्ष ।

(ज) राष्ट्र सेवा पदक ।

(झ) दुर्गम सेवा पदक

(ञ) परदेश सेवा पदक ।

(ट) आकाश सेवा पट्ट ।

(ठ) बारुण पदक ।

(ड) समाज सेवा पदक ।

(ढ) सैनिक सेवा पट्ट ।

(ण) प्रहरी पराक्रम पदक ।

(त) नेपाल भूषण ।

(थ) राजप्रासाद दीर्घ सेवा पट्ट ।

(द) सैनिक दीर्घ सेवा पट्ट ।

(ध) जानपद दीर्घ सेवा पट्ट ।

(न) प्रहरी दीर्घ सेवा पट्ट ।

(प) प्रसिद्ध सेवा पदक ।

(फ) राजप्रासाद सेवा पदक ।

(ब) सैनिक सेवा पदक ।

(भ) शाही रक्षक सेवा पदक ।

(म) जानपद सेवा पदक ।

(य) प्रहरी सेवा पदक ।

(र) सेवा पदक ।

(ल) लक्ष्यभेदक पदक ।

(व) दैवी प्रकोप पीडितोद्धार पदक ।

११६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ४३ पछि देहायको नियम ४३ क. थपिएको छ :-

"४३ क. गद्दी आरोहरणको रजत महोत्सव पदक (२०२८ – २०५३) : (१) यो पदक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको गद्दी आरोहणको रजत महोत्सवको शुभ अवसरमा राष्ट्रिय जीवनको कुनै पक्षमा प्रशंसनीय काम गर्ने नेपाली नागरिकलाई कदर र सम्झना स्वरुप र नेपाल अधिराज्यको हितमा विशेष योगदान पुऱ्याउने विदेशी महानुभावलाई सम्झना स्वरुप प्रदान हुन सक्नेछ ।

(२) यो पदकको बनौट तथा आकार प्रकार परिशिष्ट ४ अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।"

६. मूल नियमावलीको नियम ४४ मा संशोधन : मूल नियमावलीको नियम ४४ को उप-नियम (२) मा रहेका "अनुसूची -१" भन्ने शव्द र अंकको सट्टा "अनुसूची -१ क." भन्ने शव्द र अंक राखिएका छन् ।

७. मूल नियमावलीको नियम ५० मा संशोधन : मूल नियमावलीको नियम ५० को सट्टा देहायको नियम ५० राखिएको छ :-

"५०. परदेश सेवा पदक : (१) परदेश सेवा पदक परदेशमा गई संयुक्त राष्ट्र संघको आव्हानमा वा मित्र राष्ट्रको सहायतार्थ कुनै सेवा गर्ने निजामती कर्मचारी वा शाही नेपाली सैनिक वा प्रहरी कर्मचारीलाई प्रदान हुन सक्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुनु अगावै उप-नियम (१) बमोजिमको काममा परदेश गएको निजामती कर्मचारी वा शाही नेपाली सैनिक वा प्रहरी कर्मचारीलाई पनि यो पदक प्रदान गर्न सकिनेछ ।

(३) यो पदकको बनौट तथा आकार परिशिष्ट ४ अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ ।"

८. मूल नियमावली नियम ७४ मा संशोधन : मूल नियमावलीको नियम ७४ को सट्टा देहायको नियम ७४ राखिएको छ :-

"७४. पहिले पाएको अलङ्कार र पदक लगाउने : यो नियमावली प्रारम्भ हुनु अघि प्राप्त भएका देहायका अलङ्कार र पदकहरु सो पाउने व्यक्तिले मर्यादाक्रमानुसार साविक बमोजिम लगाउन सक्नेछ :-

(क) अति सुविख्यात सेवालङ्कार ।
(ख) सुविख्यात सेवालङ्कार ।
(ग) विख्यात सेवालङ्कार ।
(घ) शुभराज्याभिषेक पदक २०३१ ।
(ङ) शुभराज्याभिषेक पदक २०१३ ।
(च) रजत जयन्ती पदक ।
(छ) विशेष सेवा पदक ।
(ज) बहादुरी पदक ।
(झ) आसाम बर्मा लडाई पदक ।
(ञ) नेपाल तारा पदक ।

११६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) त्रिशक्तिपट्ट पदक ।
(ठ) गोरखादक्षिणबाहु पदक ।
(ड) महाभूकम्प पीड़ितोद्धार पदक ।
(ढ) राष्ट्रिय जनमत संग्रह पदक, २०३७ ।
(ण) तेश्रो सार्क शिखर सम्मेलन स्मृति पदक ।"

९. मूल नियमावलीको नियम ७५ मा संशोधन : मूल नियमावलीको नियम ७५ को सट्टा देहायको नियम ७५ राखिएको छ :-

"७५. मर्यादाक्रम : देहायका पदकहरुको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :-

(क) शुभ राज्याभिषेक पदक (२०३१) ।
(ख) शुभ राज्याभिषेक पदक (२०१३) ।
(ग) गद्दी आरोहणको रजत महोत्सव पदक (२०२८-२०५३) ।
(घ) रजत जयन्ती पदक ।
(ङ) विशेष सेवा पदक ।
(च) बहादुरी पदक ।
(छ) आसाम बर्मा लडाईं पदक ।
(ज) सुप्रशंसनीय पट्ट ।
(झ) प्रशंसनीय पट्ट ।
(ञ) प्रहरी रत्न ।
(ट) गजेन्द्रमोक्ष ।
(ठ) राष्ट्रसेवा पदक ।
(ड) दुर्गम सेवा पदक ।
(ढ) परदेश सेवा पदक ।
(ण) आकाश सेवा पट्ट ।
(त) वारुण पदक ।
(थ) समाज सेवा पदक ।
(द) सैनिक सेवा पट्ट ।
(ध) प्रहरी पराक्रम पदक ।
(न) नेपाल तारा पदक ।
(प) त्रिशक्ति पट्ट पदक ।
(फ) गोरखादक्षिणबाहु पदक ।
(ब) नेपाल भूषण ।
(भ) राजप्रासाद दीर्घसेवा पट्ट ।
(म) सैनिक दीर्घसेवा पट्ट ।
(य) जानपद दीर्घसेवा पट्ट ।

१९६४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(र) प्रहरी दीर्घसेवा पट्ट ।
(ल) प्रसिद्ध सेवा पदक ।
(व) राजप्रासाद सेवा पदक ।
(श) सैनिक सेवा पदक ।
(ष) शाही रक्षक सेवा पदक ।
(स) जानपद सेवा पदक ।
(ह) प्रहरी सेवा पदक ।
(क्ष) महाभूकम्प पीडितोद्धार पदक ।
(त्र) सेवा पदक ।
(ज्ञ) लक्ष्य भेदक पदक ।
(ज्ञ१) राष्ट्रिय जनमत संग्रह पदक २०३७ ।
(ज्ञ२) तेश्रो सार्क शिखर सम्मेलन स्मृति पदक ।
(ज्ञ३) दैवी प्रकोप पीडितोद्धार पदक ।"

१०. मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची -१ मा संशोधन :- मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची -१ को सट्टा देहायको अनुसूची -१ राखिएको छ :-

"अनुसूची -१

गद्दी आरोहणको रजत महोत्सव पदक (२०२८ - २०५३)

(१) मण्डल : यो मण्डल ३.८ सेन्टिमिटर स्वेत गोलाकार हुनेछ । यस्को मध्य भागमा गोलाकार रेखा भित्र श्री ५ महाराजाधिराजको शाही चिन्ह अङ्कित हुनेछ । सो शाही चिन्हको माथि "गद्दी आरोहणको रजत महोत्सव पदक" भन्ने शब्दहरु र तल "२०२८-२०५३" भन्ने अंकहरु अङ्कित हुनेछन् ।

मण्डल झुण्डिने स्थानमा कलश र कलशको दायाँ वायाँ दुई खुकुरीहरुले मण्डललाई च्यापेका हुनेछन् ।

मण्डलको पछिल्तिर मध्य भागमा खप्टिएका दुई खुकुरीहरु रहनेछन् र ती खुकुरीहरु माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" भन्ने शब्दहरु र सो खुकुरीहरु मुनि "नेपाल" भन्ने शब्द र सो शब्द मुनि "२०५३" भन्ने अंकहरु अङ्कित हुनेछन् ।

११६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पट्टिका : यो पट्टिका श्री ५ महाराजाधिराजका झण्डामा रहेको सिम्रिक रङ्गका रातो रङ्गको पृष्ठभूमिमा बायाँबाट दायाँ पाँचवटा समानुपातिक सेतो उर्ध्व रेखाहरुयुक्त रेशमले बनेको हुनेछ । यसको चौडाई ३.२ सेन्टिमिटर हुनेछ ।"

११. मूल नियमावलीको परिशिष्ट ४ मा अनुसूची -१ क. थप : मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची -१ पछि देहायको अनुसूची -१ क. थपिएको छ :-

"अनुसूची -१ क.

सुप्रशंसनीय पट्ट

(१) मण्डल : यो मण्डल चाँदीको गोलाकार हुनेछ । यसको मध्य भागमा नेपालको मानचित्रको पृष्ठभूमिमा १६ पत्रयुक्त कमल हुनेछ । मानचित्रको माथितिर राजमुकुट हुनेछ । तलतिर यो पदकको आदर्श वाक्य "पुरुषस्तावदेवासौ यावन्मानर्त्रहीयते" अङ्कित हुनेछ । यसको पछिल्तिर मध्य भागमा "२०२०" अङ्कित हुनेछ तथा माथितिर वृत्ताकार रुपमा "श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव" शब्दहरु अङ्कित हुनेछन् ।

मण्डल झुण्डने स्थानमा रजत कलशको दायाँ बायाँ दुईवटा खुकुरीहरुले मण्डललाई च्यापेका हुनेछन् ।

(२) पट्टिका : यो पट्टिकाको दायाँ बायाँ सेतो रङ्गको र बीचमा नीलो समान नापका तीन समानको तीन उर्ध्व पाटायुक्त रेशमको हुनेछ । यसको चौडाई ३.२ सेन्टिमिटरको हुनेछ ।"

आज्ञाले,

पुरूषोत्तम ढकाल
निमित्त गृह सचिव, सिंहदरबार

११६५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार